# ९. आर्थिक विधेयक, २०७९

**महाङ्गाल गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधयेक**

**प्रस्तावना :**

महाङ्गाल गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम महाङ्गाल गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम : आर्थिक ऐन, २०७९, रहेको छ ।
(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि महाङ्गाल गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पति कर :**

गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर र घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत) :**

गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घर वहाल कर :**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय कर :**

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर :**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर :**

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।
तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइ र असूल उपर गरिनेछ। तर प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यबस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ।

**९. मनोरन्जन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यबस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ।

**बहाल बिटौरी शुल्क :**

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (७)मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**पार्किङ शुल्क :**

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्, कायोकिङ, क्यानोइङ्, बन्जी जम्पिङ्, जिपफ्लायर र न्याफ्टीङ्सेवा वा व्यवसाय संचालन गरेवापत बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**सेवा शुल्क, दस्तुर :**

गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**पर्यटन शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूवाट उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।

**कर छुट :**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईनेछैन ।

**कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## आ. व. २०७९/८० मा लागुहुने कर तथा सेवा शुल्कहरुका दरहरु

**अनुसूची - १**
(दफा २ सँग सम्बन्धित)
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
**एकीकृत सम्पति करको दर**

१. घरजग्गा कर लाग्ने क्षेत्रहरूको जग्गाको मुल्याङ्कन गर्दा सोको प्रयोजनको निमित्त गठन स्थानीय समितिले तोके बमोजिम हुनेछ । यसरी नतोकिएको हकमा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तोकेको दर बमोजिम जग्गाको मुल्याङ्कन गरिनेछ ।

- एकीकृत सम्पति करको दर,
- कच्ची र एकतले घर-२५०।-
- व्यबसायिक रूपमा प्रयोग हुने दुईतले पक्की घर-५००।-
- दुईतला भन्दा बढीका व्यवसायिक घर-१०००।-

**अनुसूची-२**
(दफा ३ सँग सम्बन्धित)
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
**भूमिकर (मालपोत) को दर आ.व. २०७९/८० को लागि मात्र**

| सि.नं | वर्ग | प्रति रोपनी सम्मको र कम | | थप प्रति रोपनी रकम | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खेत | पाखो |
| १. | कालोपत्रे सडकमा जोडिएका जग्गा एक रोपनी सम्मको प्रतिआना ५।- र सो भन्दा बढीमा प्रतिरोपनी २५ ।- | २५।- | २५।- | २५।- | २५।- |
| २. | मोटर बाटोमा (ग्राभेल माटो सडक) जोडिएका जग्गा प्रतिआनाको ५।- र सो भन्दा बढीमा प्रतिरोपनी २०।- | २०।- | २०।- | | |
| ३. | खेतीयोग्य जमित बाँझो राखेमा प्रति रोपनी | ५००।- | १००।- | | |

**अनुसूची- ३**
(दफा ४ सँग सम्बन्धित)
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
**घर वहाल कर को दर**

१. घर वहाल कर १० प्रतिशत लागु गर्ने

**अनुसूची- ४**
(दफा ५ सँग सम्बन्धित)
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
**व्यवसाय करको वार्षिक दर**

१ **व्यापारिक वस्तु :**

| क्र.स. | शिर्षक | वार्षिक करको दर |
|---|---|---|
| १ | थोक तथा खुद्रा चुरोट पसल (डिलर समेत) | १५००।- |
| २ | मदिरा पसल थोक (डिलर समेत) | ३०००।- |
| ३ | मदिरा पसल खुद्रा | २०००।- |
| ४ | सुनचाँदीरज्वेलरी पसल (निर्माण मर्मत र खरिद विक्री समेत) | २०००।- |
| ५ | सुनचाँदीरज्वेलरी पसल (निर्माण विक्री समेत) | २०००।- |
| ६ | भिडियो सिडी क्यासेट र अडियो सिडी क्यासेट विक्री पसल | ५००।- |
| ७ | डिपार्टमेन्टल स्टोर | २०००।- |
| ८ | निर्माण समाग्री, सिमेन्ट, रड, कर्कटपाता फिटिङ्गस आदिको विक्रेता (डिलर समेत) | ३०००।- |
| ९ | निर्माण समाग्री, सिमेन्ट, रड, कर्कटपाता फिरिङ्गस आदिको खुद्रा विक्रेता | २०००।- |
| १० | कम्प्युटर विक्रेता | १०००।- |
| ११ | विद्युतिय सामग्री विक्रेता | १५००।- |
| १२ | टिभि, डेक, रेडियो, क्यासेट प्लेयर तथा क्यामरा पसल (डिलर समेत) | १०००।- |
| १३ | टिभि, डेक, रेडियो, क्यासेट प्लेयर तथा क्यामरा पसल (खुद्रा विक्री तथा मर्मत) | १०००।- |
| १४ | कार्पेट तथा फर्निसिङ सामाग्री विक्रेता | १५००।- |
| १५ | पेट्रोलियम पदार्थ (विक्रेता पेट्रोल पम्प) | ५०००।- |
| १६ | खाद्यन्न तथा किराना थोक पसल (क श्रेणी) | १५००।- |
| १७ | खाद्यन्न तथा किराना थोक पसल (ख श्रेणी) | १०००।- |
| १८ | खाद्यन्न तथा किराना थोक पसल (ग श्रेणी) | ८००।- |
| १९ | कपडा पसल र रेडिमेड स्टोर्स (क श्रेणी) | १५००।- |
| २० | कपडा पसल र रेडिमेड स्टोर्स (ख श्रेणी खुद्रा) | १०००।- |
| २१ | कपडा पसल र रेडिमेड स्टोर्स (ग श्रेणी खुद्रा) | ८००।- |
| २२ | कपडा पसल (थान) तथा सिरक, डसना, तकिया, तयारी र विक्री पसल | १५००।- |
| २३ | स्टेसनरी पुस्तक तथा पत्रपत्रीका पसल (क श्रेणी) | १५००।- |
| २४ | स्टेसनरी पुस्तक तथा पत्रपत्रीका पसल (ख श्रेणी) | १०००।- |
| २५ | स्टेसनरी पुस्तक तथा पत्रपत्रीका पसल (ग श्रेणी) | ८००।- |
| २६ | थोक तथा खुद्रा रेडीमेड जुत्ता चप्पल पसल (क श्रेणी) | १२००।- |
| २७ | थोक तथा खुद्रा रेडीमेड जुत्ता चप्पल पसल (ख श्रेणी) | १०००।- |
| २८ | थोक तथा खुद्रा रेडीमेड जुत्ता चप्पल पसल अन्य गिफ्टका सामग्री विक्रेता | १०००।- |
| २९ | छाला जुत्ता चप्पल (स्थानीय स्तरमा निर्माण गरी विक्री मर्मत पसल) | ५००।- |
| ३० | होजियारी उनी धागो पसल | ५००।- |
| ३१ | पान पसल | ५००।- |

| | | |
|---|---|---|
| ३२ | फलफुल पसल | १०००।- |
| ३३ | फलफुल तथा सब्जी पसल | १०००।- |
| ३४ | कोल्ड स्टोर पसल | १०००।- |
| ३५ | मोटरसाइकल, टेम्पो तथा साइकल विक्रेता | १०००।- |
| ३६ | हेभी इक्युमेन्ट वस, ट्रक, टयाक्टर तथा कार विक्रेता | २०००।- |
| ३७ | सहकारी व्यवसाय दर्ता, कारोवारको आधारमा<br>पालिका स्तरिय<br>प्रदेश स्तरिय<br>केन्दीय स्तरको शाखा विस्तार | <br>५०००।-<br>७०००।-<br>१००००।- |
| ३८ | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि | ५००।- |

## २. विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा :

| क्र.स. | विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा | वार्षिक करको दर |
|---|---|---|
| १ | चिकित्सक | १०००।- |
| २ | कविराज | ५००।- |
| ३ | इन्जिनियर | १०००।- |
| ४ | कानून व्यवसायी | २०००।- |
| ५ | लेखा परीक्षक | २०००।- |
| ६ | दन्त चिकित्सक | १०००।- |
| ७ | अनुसन्धानकर्ता तथा परामर्श दाता | १०००।- |
| ८ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १०००।- |
| ९ | बिमा एजेन्ट | २०००।- |
| १० | सर्भेयर | १०००।- |
| ११ | अनुवादक | ५००।- |
| १२ | पशु चिकित्सक | १०००।- |
| १३ | शेयर दलाल | १०००।- |
| १४ | सामान ढुवानीकर्ता तथा कम्पनी | २०००।- |
| १५ | संस्थागत पेण्टर | ५००।- |
| १६ | लेखापढी | १५००।- |
| १७ | व्यापारीक फर्मरकम्पनी सुचिकृत | ५००।- |
| १८ | गै.स.संस्था | १०००।- |
| १९ | राजपत्र | मुद्राण विभागले तोके बमोजिम |

## ३. निर्माण व्यवसाय :

(क) गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायहरूको दर्ता प्रमाण पत्र प्रतिलिपी तथा नविकरण शुल्क देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| १ | निर्माण व्यवसायी क श्रेणी | १०,०००।- |
| २ | निर्माण व्यवसायी ख श्रेणी | ९,५००।- |
| ३ | निर्माण व्यवसायी ग श्रेणी | ९०००।- |